प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

# डिप्लोमा तहका सेमेष्टर परीक्षा प्रणालीको नियमित/आंशिक परीक्षाको आवेदन फाराम भर्ने बारेको

# अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७९।१२।०८)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षालयहरुमा डिप्लोमा इन इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी, सूचना प्रविधि, होटल म्यानेजमेण्ट, एग्रिकल्चर (प्लान्ट साइन्स र एनिमल साइन्स), इन्टरप्रेनरशिप डेभलपमेण्ट तथा सोसियल वर्क्स कार्यक्रम प्रथम बर्ष प्रथम खण्ड नियमित/आंशिक परीक्षा **२०८० वैशाख** महिनामा संचालन हुने भएकोले परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि २०७९।१२।२२ गते बुधबार भित्र नियमित शुल्क र २०७९।१२।२९ गते बुधबार भित्र बिलम्ब शुल्कको म्याद तोकिएको हुंदा सम्वन्धित शिक्षालयहरुले अनिवार्य रुपमा विद्यार्थीहरुबाट परीक्षा आवेदन फाराम भराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समय भित्र आवेदन फाराम नबुझाउने शिक्षालयका प्रशिक्षार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै बिशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम (दलित, मुसलमान, लोपोन्मुख जाति तथा भूकम्प प्रभावित) अन्तर्गत शैक्षिक शत्र २०७५ (ई.सं. २०१७) देखि भर्ना भई रजिष्ट्रेशन कायम भएका प्रशिक्षार्थीहरुले प्रथम बर्ष प्रथम खण्डको परीक्षार्थीले **आंशिक** परीक्षाको परीक्षा आवेदन फाराम भर्न पाउने छन ।

**शर्तहरु:**

१. शिक्षालयले शैक्षिक सत्र २०७५/०७६ (ई.सं २०१७) देखि ITMS Online बाट रजिष्ट्रेशन भएका सम्पूर्ण कार्यक्रमका परीक्षार्थीहरुको नियमित/आंशिक परीक्षा आवेदन फाराम ITMS Online बाट **नियमितका लागि सेतो र आंशिकका लागि पहेंलो A4 साइजको कागजमा** प्रिन्ट गरी परीक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ ।

२. सेमेष्टर प्रणाली तर्फ परीक्षा शुल्क रु. २,०००।- तथा बिलम्ब शुल्कमा प्रति प्रशिक्षार्थी नियमित परीक्षा शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ । परिषद्का आंगिक, साझेदारी र सरकारी/सामुदायिक बिद्यालयको हकमा नियमित परीक्षा शुल्क रु. ५००। मात्र लाग्नेछ । साथै नियमित शुल्कको समय भित्र Web Based ITMS Online System मा फाराम Entry नगरेमा विलम्व शुल्क समेत लाग्नेछ ।

३. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रको लागि परीक्षा शुल्क रु. ३००।- र प्रत्येक थप विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति परीक्षार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ ।

४. सम्वन्धित शिक्षालयहरुले परीक्षा आवेदन फाराम बुझाउंदा बिषयगत नियमित तथा आंशिक एवं नयां तथा पुरानो पाठयक्रमको छुट्टाछुट्टै फाइल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी परिषद्का प्रदेश कार्यालयहरुमा तोकिएको मिति भित्र दर्ता गर्नुपर्नेछ ।

५. सम्वन्धित शिक्षालयहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्ब शुल्क बुझाउने अन्तिम मितिको भोलिपल्ट अनिवार्य रुपमा सम्बन्धित प्रदेश कार्यालयको बैंक खातामा रकम बुझाउनु पर्नेछ र मिति २०८०।०१।०३ गते भित्र नियमित तथा विलम्व परीक्षा आवेदन फाराम एकै साथ सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

६. नियमित तर्फका जेहेन्दार तथा वर्गीकृत (नि:शुल्क) छात्रवृति प्राप्त परीक्षार्थीहरुलाई परीक्षा शुल्क लाग्ने छैन ।

७. आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७५ (ई. सं. २०१७) मा भर्ना भई रजिष्ट्रेशन भएका प्रशिक्षार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउने छन ।

८. नियमित तर्फका परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web Based ITMS Online System मा Entry गरी समष्टिगत फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

९. आंशिक तर्फ शैक्षिक शत्र २०७५ (ई. सं. २०१७) देखि भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर परीक्षा प्रणालीका सम्पूर्ण कार्यक्रमहरुको २०७५ देखि Online आवेदन फारामहरु Web Based ITMS Online System मा Entry गरी समष्टिगत फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

१०. सेमेष्टर परीक्षा प्रणालीका नियमित बिषयहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक Web Based Online System मा Entry गरी प्रमाणित एक प्रति (Printed Copy) मा सही छाप गरी अनिवार्य रुपमा फाईलिङ्ग गरी पेश गर्नुपर्नेछ । Entry गरी सकेका आन्तरिक मूल्यांकनको प्राप्तांक पछि परिवर्तन हुने छैन ।

११. आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा फाराममा तथा Web Based Online System मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनु पर्नेछ ।

१२. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुमात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन् । आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वत: रद्द हुनेछ ।

१३. अन्य शिक्षालयवाट रजिष्ट्रेशन भएका प्रशिक्षार्थीहरुको हकमा उक्त शिक्षालयको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

१४. शिक्षालयहरुले सम्वन्धित परिषद्, प्रदेश कार्यालयको देहाय बमोजिमको वैंक खातामा परीक्षा शुल्क बापतको रकम जम्मा गर्नुपर्नेछ ।

(क) प्रा.शि.व्या.ता.परिषद्, कोशी प्रदेश कार्यालय, ईटहरी, सुनसरी: रा.बा.बैङ्क, इटहरी शाखा, च.हि.नं. २५५०१००००१२७८००१,

(ख) प्रा.शि.व्या.ता.परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषा: रा.बा.बैङ्क, जनकपुर शाखा, च.हि.नं. १५२०१००००२६३९००१,

(ग) प्रा.शि.व्या.ता.परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडा: रा.बा.बैङ्क, हेटौंडा शाखा, च.हि.नं. १३००१००००३६६९००१,

(घ) प्रा.शि.व्या.ता.परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की: रा.बा.बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं. ३५००१०००००२३४००१,

(ङ) प्रा.शि.व्या.ता.परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही: रा.बा.बैङ्क, बुटवल शाखा, च.हि.नं. ३३६०१०००००३६१००१,

(च) प्रा.शि.व्या.ता.परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेत: रा.बा.बैङ्क, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१,

(छ) प्रा.शि.व्या.ता.परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी,कैलाली: रा.बा.बैङ्क, धनगढी शाखा, च.हि.नं. ४१७०१००००६५०८००१ मा शुल्क जम्मा गरेको सकल भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ ।

**नोट:**

- प्रशिक्षार्थीहरुले सम्बन्धित शिक्षालयमा परीक्षा आवेदन फाराम बुझाउने मिति:२०७९।१२।०८ देखि २०७९।१२।२२ गते दिनको ३:००

बजेसम्म

- शिक्षालयले ITMS मा Online Entry गर्ने नियमित शुल्कको मिति : २०७९।१२।१२ देखि २०७९।१२।२२ गतेसम्म
- शिक्षालयहरुले परीक्षा आवेदन शुल्क बैंक दाखिला गर्ने नियमित शुल्कको अन्तिम मिति : २०७९।१२।२३ गते
- प्रशिक्षार्थीहरुले सम्बन्धित शिक्षालयमा परीक्षा आवेदन फाराम विलम्ब शुल्कमा बुझाउने मिति : २०७९।१२।२३ देखि २०७९।१२।२९ गतेसम्म
- शिक्षालयहरुले बिलम्ब शुल्कको बैंक दाखिला गर्ने अन्तिम मिति : २०७९।१२।३० गते
- सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०७९।१२।२२ गते भित्र नियमित शुल्कको Entry गरिसक्नुपर्नेछ । सो पश्चात Entry गरेमा बिलम्ब शुल्क तिर्नुपर्नेछ । मिति २०७९।१२।२९ गते भित्रमा बिलम्ब शुल्कको Web Based ITMS Online System मा शिक्षालयहरुले अनिवार्य रुपमा Entry गरिसक्नुपर्नेछ ।
- शिक्षालयले सम्पुर्ण आवेदन फाराम तथा आवश्यक अन्य कागजातहरु सम्बन्धित परिषद्, प्रदेश कार्यालयहरुमा मिति २०८०।०१।०३ गते कार्यालय समयभित्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

**परीक्षा नियन्त्रक**